# बालबालिकाको कानूनी अधिकार सम्बन्धी जानकारी पुस्तिका



| | | |
|---|---|---|
| अंक | : | ३१ |
| संस्करण | : | प्रथम |
| प्रकाशक | : | कानुनी सहयोग तथा परामर्श केन्द्र (ल्याक)<br>मानभवन, ललितपुर |
| प्रकाशक संख्या | : | |

© कानुनी सहयोग तथा परामर्श केन्द्र (ल्याक) २०७५

| | | |
|---|---|---|
| सहयागी | : | **UNDP A2J Project** |
| डिजाइन | : | **कम्प्यूटर लग**<br>पुल्चोक, ललितपुर ।<br>फोन: ९८५११३४९७७ |

# विषयसूची

१. मानव अधिकार
२ मानव अधिकार भनेको के हो?
३. बालअधिकार
४ बालअधिकार के हो ?
५ बालअधिकार उल्लंघन
६ बालवालिका माथि हुने दुर्ब्यवहार के-के हुन सक्छन् ?
७ बाल यौन दुर्व्यवहार गर्ने ब्यक्ति को हुन सक्दछन्?
८ बाल यौन दुर्व्यवहारका कारण बालबालिकामा कस्तो असर पर्दछ?
९ बाल यौन दुर्व्यवहारबाट बच्न के गर्ने ?
१० यौन दूर्ब्यबहार गर्नेले के के चलाखी गर्न सक्छन्?
११ त्यसैले यस्ता कुराबाट सधैं होशियार रहनु पर्छ र यो कुरा पनि सधैं याद गरौं ।
१२ यौनजन्य दुर्ब्यवहार भएमा कहिलेसम्म उजुर गर्नुपर्छ ?
१३ यौनजन्य दुर्ब्यवहार गर्नेलाई सजाय कति हुन्छ ?
१४. बालविबाह
१५ विवाह गर्दा केटा र केटीको उमेर कति हुनुपर्छ ?
१६ बालविबाह भनेको के हो ?
१७ बालविबाह गर्दा के-के असर पर्न सक्छ ?
१८ बाल विवाहको उजुरी कहाँ गर्ने?
१९ बालविवाहमा कति सजायँ हुन्छ?
२० बालविवाहको उजुरी कति समय भित्र गर्नुपर्छ र कसले उजुरी दिनु पर्छ ?
२१ लैंगिक विभेद भनेको केहो ?
२२ लैगिंक हिंसा भनेको के हो ?
२३ बालअधिकार संरक्षण, संवर्द्धन तथा परिपालनाको लागि विभिन्न संघ, संस्था, ब्यक्ति तथा समुदायको भुमिका

## १. मानव अधिकार

### १.१ मानव अधिकार भनेको के हो?

मानव भएर जन्मिएपछि इज्जत, प्रतिष्ठापूर्वक जीवनयापन गर्न मानवलाई आवश्यक पर्ने न्यूनतम अधिकारहरूको समष्टिगत रूप नै मानव अधिकार हो। मानव अधिकार मानवका जन्मसिद्ध, नैसर्गिक र आधारभूत अधिकार हुन्।

### १.२. मानव अधिकार अन्तर्गत के कस्ता अधिकारहरू पर्छन् ?

व्यक्तिको बाँच्न पाउने, विचार व्यक्त गर्न पाउने, लिङ्ग वा जातजाति समेतका आधारमा भेदभाव नगरिने, शिक्षा प्राप्त गर्ने, स्वास्थ्य उपचार प्राप्त गर्ने, आफ्नो आस्था अनुरूपको धर्म मान्न पाउने, यातना नदिइने, काम गर्न पाउने समेतका संविधान तथा कानूनले प्रदान गरेका मानवीय मूल्य र प्रतिष्ठासँग सम्बन्धित विभिन्न किसिमका अधिकारहरू पर्छन्।

## २. बालअधिकार

### २.१. बालअधिकार के हो ?

बालबालिकाले एक समृद्ध मानव जीवन जिउनका लागि आवश्यक पर्ने आधारभूत आवश्यकताहरू नै बाल अधिकार हुन्। वालवालिकाले पाउनु पर्ने न्यानो माया, असल शिक्षा, पौष्टिक आहार, उपयूक्त स्याहार सम्भार, स्वास्थ्य र सरसफाई, संरक्षण र सहभागी हुन पाउने अधिकार नै बाल अधिकार हुन्।

### २.२. बालअधिकारभित्र के-के कुरा पर्छन् ?

बालबालिकाका लागि शिक्षा, स्वास्थ्य, खेलकुद तथा मनोरञ्जन, माया-स्नेह, आफ्ना विचार तथा भावनाको अभिव्यक्ति, आफ्नो संस्कृति तथा धर्म मान्ने एवं कुनै पनि किसिमका जोखिमहरुबाट

सुरक्षा पाउने तथा कुनै पनि किसिमका हिंसा, दुर्व्यवहार, भेदभाव एवं शोषण भएका अवस्थामा न्याय र संरक्षणका व्यवस्थाहरू बालबालिकाका मौलिक अधिकारहरू हुन

बाल अधिकार सम्बन्धी महासन्धीले बाल अधिकारको क्षेत्रमा मुलतः चार अधिकारलाई समेटेको पाईन्छ ।

क) बाँच्न पाउने अधिकार (Right to Survival or live)

ख) बिकास गर्ने अधिकार (Right to Growth and Develop)

ग) संरक्षणको अधिकार (Right to protection and care)

घ) सहभागी हुन पाउने अधिकार (Right to participation)

## २.३ बालअधिकार सम्बन्धी अर्न्तराष्ट्रीय कानूनी ब्यबस्था के के छन् ?

### २.३.१बाल अधिकार महासन्धि १९८९ः

संयुक्त राष्ट्रसङ्घले सन् १९८९ मा बाल अधिकार सम्बन्धी महासन्धि पारित गरेको हो भने नेपालले यसलाई सन् १९९० मा हस्ताक्षर गरिसकेको छ । सबै बाल अधिकारहरू बाल अधिकार सम्बन्धी महासन्धिका मूलभूत सिद्धान्तमा आधारित छन् । यस महासन्धिले राज्य, समुदाय, अभिभावक तथा वयस्कहरूलाई बाल अधिकारको प्रत्याभूति गर्नका लागि जिम्मेवार निकाय/व्यक्ति भनेको छ । बाल अधिकार महासन्धि १९८९ मा उल्लेख भएका प्रावधानहरूमा : भेदभाव गर्न नहुने (धारा २), नाम र राष्ट्रियता (धारा ७), अवैध स्थानान्तरण र नफर्काउनुको विरुद्ध (धारा ११), गोपनीयता–निजीपनको संरक्षण (धारा-१६), दुर्व्यवहार, हिंसा वा उपेक्षाबाट संरक्षण (धारा १९), शरणार्थी बालबालिका (धारा २२), सामाजिक सुरक्षा (धारा २६), बाल श्रम रोक्ने (धारा ३२), लागू पदार्थको

दुरुपयोग र दुर्व्यसनबाट संरक्षण (धारा ३३), यौन शोषणबाट संरक्षण (धारा ३४), बेचविखन, सौदाबाजी र अपहरणबाट संरक्षण (धारा ३५), अन्य किसिमका शोषणबाट पनि संरक्षण (धारा ३६),यातना र स्वतन्त्रताको अपहरण हुनबाट संरक्षण (धारा ३७), सशस्त्र सङ्घर्षमा सहभागिता तथा यसका नकारात्मक असरहरुबाट संरक्षण (धारा ३८), बाल न्यायको व्यवस्था (धारा ४०) गरिएको छ।

**२.३.१.१बालअधिकार महासन्धिमा बाँच्न पाउने अधिकार सम्बन्धी कस्तो व्यवस्था गरेको छ ?**

बालअधिकार महासन्धिले बालबालिकाको बाँच्न पाउँने जन्मसिद्ध अधिकारलाई सुरक्षित गरेको छ। यस अन्तर्गत नाम र राष्ट्रियता प्राप्त गर्ने अधिकार,स्वस्थ्य सेवाको अधिकार जीवन स्तर उकास्ने अधिकारहरु पर्दछन्। यसको अलावा सामाजिक सुरक्षा पाउने, बासस्थानको व्यवस्था, यौन शोषणबाट बच्ने, बेचबिखन, सौदाबाजी र अपहरणबाट बच्ने अधिकार समेत पर्दछ।

**२.३.१.२.बालअधिकार महासन्धिमा बिकास गर्ने अधिकार सम्बन्धी कस्तो व्यवस्था गरेको छ?:**

यो अधिकार अन्तर्गत राज्य पक्षले आफ्नो नागरिकको लागि शिक्षाको अधिकार, सूचनाको अधिकार, अभिव्यक्तिको अधिकार, स्वतन्त्र रुपमा धर्म मान्न पाउने अधिकारको ब्यवस्था गरेको छ। यसको अलवा आराम र अवकाशको अधिकार, संघ-संगठनमा भाग लिन पाउने अधिकार, निजीपनको अधिकार, दुर्व्यवहार र उपेक्षाबाट बाँच्न पाउने अधिकार आदीको वारेमा पनि महासन्धिले व्यवस्था गरेको छ।

**२.३.१.३.बालअधिकार महासन्धीमा संरक्षणको अधिकार सम्बन्धी कस्तो व्यवस्था गरेको छ?**

बालबालिकालाई हर तरहले उचित संरक्षण गर्नु पर्दछ भन्ने उद्देश्यले यो संरक्षणको अधिकार प्रदान गरेको हो । प्रत्येक बालबालिकाको उचित संरक्षण गर्नु परिवार, समाज र राज्यको दायित्व हो र बिशेष गरी मानसिक वा शारीरिक रुपमा अपाङ्ग बालबालिकालाई, शरणार्थी भईसकेको र हुन खोजिरहेका बालबालिकालाई, परिवार बिहिन बालबालिकालाई राज्यले संरक्षण दिनुपर्छ भन्ने सम्बन्धमा महासन्धिका विभिन्न धाराहरुमा उल्लेख भएको पाईन्छ ।

**२.३.१.४.बालअधिकार महासन्धिमा सहभागी हुन पाउनें अधिकार सम्बन्धी कस्तो ब्यवस्था गरेको छ?**

बालबालिकाहरु संग सम्बन्धित विषयहरुमा उनीहरुले आफ्नो विचार ब्यक्त गर्न पाउनु पर्छ। बालबालिकाको भावनाको उचीत कदर गर्दै उनीहरुको उमेर परिपक्वता अनुसार त्यसलाई उचित मान्यता दिइनु पर्दछ । रचनात्मक कार्य, सामाजिक र साँस्कृतिक क्रियाकलापमा विना भेदभाव सहभागी हुन पाउने छ, बालबालिकाको क्लव तथा समूह खोल्न र सहभागी हुन पाउनु पर्छ भन्ने सम्बन्धमा महासन्धिका विभिन्न धाराहरुमा उल्लेख भएको पाईन्छ ।

**२.३.२.बालबालिकाको बेचबिखन, बाल वेश्यावृत्ति र अश्लील चित्रण विरूद्ध बाल अधिकार सम्बन्धी महासन्धिको ऐच्छिक आलेख, २०००:**

यस ऐच्छिक आलेखले राज्यहरुलाई बालबालिकाको यौन शोषण, दुर्व्यवहार, बेचबिखन तथा अश्लील चित्रण हुनबाट

रोक्न, यस्ता समस्याबाट प्रभावित भएका बालबालिकाहरुको संरक्षण, न्याय र पुनर्स्थापना गर्न तथा भविष्यमा यस्ता समस्याबाट खतरामा रहेका बालबालिकाहरुलाई विशेष संरक्षण प्रदान गर्न जिम्मेवार बनाएको छ ।

**२.३.३ सशस्त्र द्वन्द्वमा बालबालिकाहरुको संलग्नता रोक्ने ऐच्छिक आलेख २००१ :**

यस ऐच्छिक आलेखले बालबालिकाहरुलाई कुनै पनि रूपमा सशस्त्र द्वन्द्व, लडाई तथा सङ्घर्षहरूमा सहभागी हुनबाट रोक्न, बालबालिका र उनीहरूले प्रयोग गर्ने स्थानहरुलाई यस्ता द्वन्द्वहरुको नकारात्मक प्रभावहरुबाट संरक्षण गर्न विशेष व्यवस्था गरेको छ ।

**२.३.४ बाल अधिकार महासन्धिको बाल अधिकार हननको उजरी सम्बन्धमा ऐच्छिक आलेख २०११ :**

डिसेम्बर १९, २०११ का दिनमा संयुक्त राष्ट्र संघले पारित गरेको यस ऐच्छिक आलखेले बालबालिकाहरुले आफ्नो राष्ट्रका निकायहरुले बालअधिकार हननका सवालमा न्याय दिन नसकेको वा बालअधिकार हनन रोक्न नसकेको महशुस गरेमा ब्यक्तिगत रूपमा पनि संयक्तु राष्ट्र संघको बालअधिकार समतिमिा उजरी दिन सकिने व्यबस्था गरेकोछ । बालबालिकाको संरक्षण र अधिकारको सम्वर्द्धनका लागि यो ऐच्छिक आलेख अत्यन्तै महत्वपूर्ण साबित हुन सक्छ ।

**२.३.४ निकृष्ट बाल श्रम सम्बन्धी महासन्धि १८२:**

यस महासन्धिले १८ वर्ष मुनिका सबै बालबालिकालाई निकृष्ट प्रकारको जोखिमयुक्त श्रममा लगाउन निषेध गरेको छ । महासन्धिले निकृष्ट प्रकारको बालश्रमभित्र निम्न कुराहरुलाई

समेटेको छ : दासत्व वा सो सरहका सबै स्वरूपहरू, बालबालिकाको बेचबिखन, ओसारपसार, ऋण बधुवा, बाँधाश्रम, सशस्त्र संघर्षका लागि बालबालिकाको अनिवार्य वा जबरजस्ती भर्ना लगायत कुनै पनि जबरजस्ती वा अनिवार्य श्रम देह व्यापार, अश्लील चित्रण वा प्रदर्शनहरूका लागि बालबालिकाको प्रयोग, प्राप्ति वा अर्पण गैरकानुनी क्रियाकलापहरू खासगरी लागू औषधहरुको उत्पादन तथा ओसारपसारको लागि बालबालिकाको प्रयोग, प्राप्ति वा अर्पण । बालबालिकाहरुको स्वास्थ्य, सुरक्षा वा नैतिकतामा हानी पुऱ्याउन सक्ने कार्यहरू ।

## २.४ बालअधिकार सम्बन्धी नेपालमा के-कस्ता कानूनी ब्यबस्था छन् ?

- **नेपालको संविधान, २०७२**
- **बालबालिका सम्बन्धी ऐन, २०७५**
- **बालन्याय (कार्यविधि) नियमावली, २०६३**
- **बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६**
- **बाल श्रम (निषेध र नियमित) ऐन, २०५६**

### २.४.१ नेपालको संविधान, २०७२

#### २.४.१.१. संविधानमा बालबालिकाको अधिकारको सम्बन्धमा के कस्तो व्यवस्था रहेको छ ?

नेपालको संविधान को धारा ३९मा बालबालिकाको हक सम्बन्धमा ब्यवस्था गरिएको छ ।

जसमा बालबालिको पहिचान सहित नामकरण र जन्मदर्ताको हक, प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन

तथा सर्वांगीण व्यक्तित्व विकासको हक, प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बालसहभागिताको हक, कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन नपाइने, कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न नपाइने, कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन भन्ने व्यवस्था गरेको छ । साथै कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन र प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ भन्ने व्यवस्था गरेको छ ।

र साथै असहाय, अनाथ, अपांगता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ भनी अर्को महत्वपूर्ण व्यवस्था समेत गरेकोछ ।

**२.४.१.२संविधानमा बालबालिकालाई पीडा दिने ब्यक्तिको सम्बन्धमा के-कस्तो व्यवस्था रहेको छ ?**

कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाएमा, कुनै पनि बालबालिकालाई बाल विवाह गराएमा, गैरकानूनी ओसारपसार र अपहरण गरेमा वा बन्धक राखेमा, कुनै पनि बालबालिकालाई सेना,

प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गरेमा वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यमवा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गरेमा उक्त कार्य कानून बमोजिम दण्डनिय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भनेर व्यवस्था गरेको छ ।

## २.४.२.बालबालिका सम्बन्धी ऐन, २०७५

### २.४.२.१ बालबालिका भन्नाले कति वर्षसम्म उमेरका व्यक्तिलाई जनाउँछ ?

बालबालिका सम्बन्धी ऐन, २०७५ अनुसार १८ वर्षभन्दा कम उमेरका सबै व्यक्तिहरू बालबालिका हुन भनी बालबालिकाको परिभाषा गरेको छ ।

### २.४.२.२ बालबालिका सम्बन्धी ऐनले बालबालिकाको कुन कुन अधिकारको व्यवस्था गरेको छ?

१) बाच्न पाउने अधिकार
२) नाम, राष्ट्रियता र पहिचानको अधिकार
३) भेदभाव विरूद्धको अधिकार :
४) बाबु आमासंग बस्ने र भेटघाट गर्ने अधिकार
५) संरक्षणको अधिकार:
६) सहभागिताको अधिकार :
७) अभिव्यक्तिको स्वतन्त्रता र सूचनाको अधिकार:
८) संस्था खोल्ने र शान्ति पूर्वक भेला हुने अधिकार
९) गोपनियताको अधिकार :
१०) अपाङ्गता भएको बालबालिकाको विषेश अधिकार

११)  पोषण तथा स्वास्थ्यको अधिकार:

१२)  खेलकुद मनोरञ्जन तथा सांस्कृतिक अधिकार

१३)  शिक्षाको अधिकार :

**१) बाचँन पाउने अधिकार:**

प्रत्येक बालबालिकालाई सम्मान पूर्वक बाँच्न पाउने अधिकार हुनेछ । बालबालिकाको बाँच्न पाउनेअधिकार र बालबालिकाको विकासको लागी बालबालिकामाथि हुन सक्ने दुर्घटनाको रोकथाम, जोखिमको न्यूनीकरण लगायत प्रतिरोधात्मक र सुरक्षा सेवाका लागि आवश्यक उपाय अवलम्बन गर्नेछ ।

**(२) नाम, राष्ट्रियता र पहिचानको अधिकार:**

प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामाकरण र जन्म दर्ताको अधिकार हुनेछ ।

**३) भेदभाव विरूद्धको अधिकार :**

कुनै पनि बालबालिकालाई निज, निजको परिवार वा संरक्षकको धर्म, वर्ण, जात, लिङ्ग, उत्पत्ति, भाषा, संस्कृति, वैचारिक आस्था, शारीरिक वा मानसिक अवस्था, अपाङ्गता, वैवाहिक स्थिती, पारिवारीक हैसियत, पेशा, स्वास्थ्य स्थिती, आर्थिक वा सामाजिक स्थिती वा अन्य यस्तै कुनै आधारमा भेदभाव गरिने छैन ।

**४) बाबु-आमासंग बस्ने र भेटघाट गर्ने अधिकार :**

कुनै पनि बालबालिकालाई निजको इच्छा विपरीत बाबु वा आमाबाट भिन्न वा अलग गर्न हुँदैन ।

**५) संरक्षणको अधिकार:**

प्रत्येक बालबालिकालाई आफ्नो बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकबाट उचित हेरचाह, संरक्षण, पालनपोषण र माया प्राप्त गर्ने अधिकार हुनेछ ।

**६) सहभागिताको अधिकारः**

आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई आफूलाई असर पार्ने विषयमा परिवार, समुदाय तथा विद्यालय वा अन्य सार्वजनिक निकाय वा संस्था लगायत बाट गरिने निर्णयमा सहभागी हुने अधिकार हुनेछ ।

**७) अभिव्यक्तिको स्वतन्त्रता र सूचनाको अधिकारः**

प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम स्वतन्त्र रूपमा आफ्नो कुरा राख्ने अधिकार हुनेछ ।

**८) संस्था खोल्ने र शान्तिपूर्वक भेला हुने अधिकारः**

प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम बाल अधिकारको संरक्षण र प्रवर्धनको लागि बाल क्लव वा संस्था खोल्ने वा शान्तिपूर्वक भेला हुने अधिकार हुनेछ ।

**९) गोपनियताको अधिकारः**

प्रत्येक बालबालिकालाई निजको जीउ, आवास, सम्पत्ति लिखत तथ्याङ्क पत्राचार र चरित्र सम्बन्धी विषयमा गोपनियताको अधिकार हुनेछ ।

**१०) अपाङ्गता भएको बालबालिकाको विषेश अधिकार :**

अपाङ्गता भएको बालबालिकाको लागि तोकिए बमोजिमको विषेश व्यवस्था गरिने छ । अपाङ्गता भएको बालबालिकाले समाजमा आफ्नो मान-प्रतिष्ठा सुनिश्चित गर्ने, आत्मनिर्भरता प्रवर्धन गन, समाजमा सक्रिय रुपमा सहभागी हुने र सम्मान जनक रुपमा बाँच्न पाउने अधिकार हुनेछ ।

**११) पोषण तथा स्वास्थ्यको अधिकारः**

प्रत्येक बालबालिकालाई उचित पोषण, सफा खानेपानी, तथा दुई वर्षसम्मका बालबालिकाका लागि स्तनपानको समेत व्यवस्था हुनेछ ।

**१२) खेलकुद मनोरञ्जन तथा सांस्कृतिक अधिकार :**

प्रत्येक बालबालिकालाई उमेर र रुचि अनुसारको खेल खेल्ने र खेलकुदमा सहभागी हुने अधिकार हुनेछ ।

**१३) शिक्षाको अधिकार :**

६ बर्ष मूनिका बालबालिकालाई आफ्नो उमेर र विकासको स्तर अनुसार उपयुक्त ढंगले सिक्न पाउने तथा प्रारम्भिक बालविकासको अधिकार हुनेछ ।

**२.४.२.३ बालबालिका सम्बन्धी ऐनले बालबालिकाको विरूद्धको कसूर गरेमा के-कस्तो सजायको ब्यवस्था गरेको छ?**

बालबालिका सम्बन्धी ऐनले बालबालिका विरूद्धको कसूर गरेमा प्रचलित कानूनद्वारा हुने कसूर गरेकोमा सोही अनुसार र अन्यको हकमा बालबालिकाको अधिकार उलङ्घन गरेमा बालबालिकाप्रतिको दायित्व पूरा नगरेमा त्यस्तो ब्यक्ति वा संस्थाको प्रमुखलाई पचास हजार रुपैयाँसम्म जरिवाना ।

संरक्षक वा परिवारको कुनै सदस्यले आफ्नो दायित्व पूरा नगरेमा वा आमा-बाबु वा संरक्षकले अनुचित लाभ लिने मनसायले बालबालिकाको पहिचान लुकाउने गरी नाम, परिवर्तन गरेमा वा बालबालिकाको सम्पत्तिको दुरूपयोग गरेमा त्यस्तो बाबु-आमा वा संरक्षकलाई एकलाख रुपैयाँसम्म जरिवाना हुनेछ ।

बाल विवाह गराएमा, गैरकानूनी ओसार-पसार र अपहरण गरेमा वा बन्धक राखेमा, कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गरेमा वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य

कुनै प्रकारको शोषण गरेमा बढीमा एक लाख पचास हजार रुपैयासम्म जरिवाना र पन्ध्र बर्ष सम्म कैद हुनेछ ।

**२.४.२.४ पीडित बालबालिकालाई उचित क्षतिपूर्ति दिनु पर्ने व्यवस्था छ की छैन ?**

बालबालिका विरुद्धको कसूरको कसूरदारलाई भएको जरिवानाको रकमभन्दा कम नहुने गरी पीडित बालबालिकाको शिक्षा, शारीरिक, मानसिक स्वास्थ्य स्थिती विकास र परिवारमा पुगेको हानी समेतको विचार गरी मनासिब क्षतिपूर्ति एकमुष्ठ वा आवधिक रूपमा कसूरदारबाट भराइ दिनेछ ।

**२.४.२.५ बालबालिका विरुद्धको कसूरमा हकको प्रचलन कसले गराउन सक्छ ?**

बालकको हक पुग्ने जुनसुकै कुरामा बालकको हित हुने गरी जो-कोहीले बालकको तर्फबाट संरक्षक भै बालकको हक कायम गराउन जो कोही व्यक्ति वा संघ सस्थाले मुद्दा दायर गर्न सक्छ ।

**२.४.२.६ बालालिका सम्बन्धी ऐन अन्तर्गतको कसूरमा कहिले सम्म उजुर गर्नुपर्छ ?**

यो ऐन अन्तर्गत सजाय हुने कसूरको सम्बन्धमा सो भए गरेको मितिले एक बर्षभित्र मुद्दा दायर गर्नुपर्छ । बालबालिका विरूद्धको कसूरको सम्बन्धमा मुद्दा दायर गर्ने हदम्याद त्यस्तो बालबालिका अठार वर्ष पूरा भएको मितिलेएक वर्षसम्म कायम रहनेछ ।

**२.४.३. बाल श्रम (निषेध र नियमित) ऐन, २०५६**

कसैले पनि बालकलाई ललाई-फकाई वा झुक्याएर वा कुनै प्रलोभनमा वा डर, त्रास वा दबावमा पारी वा अन्य कुनै

तरिकाले निजका इच्छा विरुद्ध श्रमिकका रूपमा काममा लगाउन हुँदैन भन्ने व्यहोरा उल्लेख भएको छ। यसैगरी बालकलाई काममा लगाउँदा दिनमा छ घण्टा र एक सप्ताहमा छत्तीस घण्टाभन्दा बढी अतिरिक्त पारिश्रमिक दिई वा नदिई काममा लगाउन हुँदैन भन्ने व्यवस्था यस ऐनले गरेको छ। ऐनले प्रतिष्ठानले श्रमिकका रूपमा काम गर्ने बालकलाई लिङ्ग, वर्ण, धर्म वा जातजातिका आधारमा कुनै भेदभाव नगरी समान कामका लागि समान पारिश्रमिक र सुविधा दिनुपर्ने व्यवस्था गरेको छ। ऐनले कुनै पनि प्रतिष्ठानमा व्यवस्थापकले त्यहाँ काम गर्ने बालकको स्वास्थ्य र सुरक्षा सम्बन्धी व्यवस्था गर्नुपर्ने प्रावधान राखेको छ।

**२.४.५ बालन्याय (कार्यविधि) नियमावली, २०६३**

बाल न्याय कार्यविधि, बालबालिका सम्बन्धी ऐन २०७५ र बालअधिकार महासन्धिले १८ वर्षमुनिकालाई विशेष कानुनी अधिकार दिएको छ। कानुनले स्पष्ट भनेको छ, '१८ वर्ष उमेरभन्दा कम उमेरका बालबालिकालाई पक्राउ गर्दा सादा पोसाकमा पक्राउ गर्नुपर्ने छ। बालमैत्री वातावरणमा सोधपुछ गर्नुपर्ने र नेल हत्कडी लगाउन पाइने छैन। उमेर पुगेका थुनुवाहरूसँगै थुनामा राख्न नपाइने, बालसुधार गृह वा चाहिएको बखत उपस्थित हुने सर्तमा अभिभावकको जिम्मामा लगाएर मुद्दाको अनुसन्धान गर्नुपर्ने छ। बालबालिका सम्बन्धी ऐन २०७५ मा १४ बर्ष वा सोभन्दा माथि र १६ वर्षभन्दा मुनिको बालकले कुनै अपराध गरे निजलाई कानून बमोजिम उमेर पुगेका व्यक्तिलाई हुने सजायको आधा सजाय हुने व्यवस्था छ भने १६ बर्ष वा सो भन्दा माथि र १८ वर्षभन्दा मुनिको

बालकले कुनै अपराध गरे निजलाई कानून बमोजिम उमेर पुगेका व्यक्तिलाई हुने सजायको दुई तिहाई सजाय हुने व्यवस्था छ ।

**२.४.६. मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४**

यस ऐनले कुनै पनि बालबालिकालाई ललाइ-फकाई, धाक-धम्की, अपहरण, लोभ वा प्रलोभनमा पारी यौन शोषण, कुनै प्रकारका आर्थिक लाभ लिनका लागि करकापमा पारी, कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरु कसैलाई दिनेजस्ता कार्य गर्न नपाइने कुराहरुको व्यवस्था गरेको छ ।

**२.४.७.बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६**

**२.४.७.१.बालबालिकाले गरेका कसूरजन्य कार्यको उजुरी पछि कसरी अनुसन्धान हुन्छ ?**

कुनै बालबालिका विरुद्ध कसूरजन्य कार्यको सूचना प्राप्त भएमा अनुसन्धान अधिकारीले त्यस्तो सूचना प्रचलित कानून बमोजिम खडा गरिएको दायरीमा दर्ता गरी गोप्य तवरले सो कुराको अनुसन्धान प्रारम्भ गर्नु पर्नेछ। अनुसन्धान प्रारम्भ भएको बालबालिकाको परिचयात्मक विवरण गोप्य राखी साङ्केतिक नाम दिई कारबाही अगाडि बढाउनु पर्नेछ ।

**२.४.७.२.बालबालिकाले कसूर गरेमा त्यस्तो बालबालिकालाई नियन्त्रणमा कसरी लिन सकिन्छ ?**

बालबालिकाले कसूर गरेको मुद्दामा अनुसन्धान गर्दा नियन्त्रणमा

नलिई नहुने अवस्था भएमा त्यस्तो बालबालिकालाई नियन्त्रणमा लिई त्यसको सूचना नियन्त्रणमा लिइएका बालबालिकाको परिवारको सदस्य, परिवारको सदस्य उपलब्ध नभए संरक्षक, संरक्षक पनि उपलब्ध नभए नजिकको नातेदारलाई दिनु पर्नेछ । नियन्त्रणमा लिई रहन आवश्यक नदेखिएमा अनुसन्धान अधिकारीले कागज गराई निजको परिवारको सदस्य, संरक्षक वा नजिकको नातेदारलाई जिम्मा लगाउनु पर्नेछ ।

**२.४.७.३.बालबालिकाले कसूर गरेमा त्यस्तो बालबालिकालाई निगरानीमा राख्न सकिन्छ?**

अनुसन्धान अधिकारीले कसूरजन्य कार्यको आरोपमा नियन्त्रणमा लिईएको बालबालिकालाई निगरानी कक्षमा राख्ने अनुमतिको माग गर्न सक्छ । त्यसको लागि प्राप्त निवेदन उपर जाँचबुझ गरी बाल अदालतले त्यस्तो बालबालिकालाई निगरानी कक्षमा राख्ने अनुमति दिन पनि सक्छ र निगरानी कक्षमा राख्न उपयुक्त नदेखिएमा निजको बाबु-आमा, परिवारको अन्य सदस्य, संरक्षक, संस्था वा बालसुधार गृहको जिम्मा लगाउने आदेश गर्न सक्नेछ ।

(१) **निगरानी कक्ष कस्तो हुनुपर्छ?**

निगरानी कक्षमा बालबालिकाको लागि आवश्यक देहायका न्यूनतम सुविधाको व्यवस्था गर्नु पर्नेछ :-

(क) स्वच्छ पिउने पानी तथा पोषणयुक्त खाना,

(ख) बालबालिकालाई बस्न तथा सुत्नको लागि ओढ्ने ओछ्याउने कपडा सहितको उपयुक्त व्यवस्था,

(ग) बालबालिकालाई बस्न तथा सुत्नको लागि आवश्यक कुर्सी, मेच वा पलङको सुविधा,

(घ) कक्षमा पर्याप्त हावा र प्रकाशको लागि उचित व्यवस्था,

(ङ) शौचालय र सरसफाइको उचित व्यवस्था,

(च) भौगोलिक अवस्था र मौसम अनुसारको अन्य उपयुक्त व्यवस्था, र

(छ) समितिले निर्धारण गरेको मापदण्ड बमोजिमको अन्य सुविधा ।

माथि उल्लेख भए बमोजिमको सुविधा निगरानी कक्षमा उपलब्ध भए नभएको सम्बन्धमा बाल अदालतले अनुगमन गर्न सक्नेछ ।

**२.४.७.४.बालबालिका उपर लागेको कसूरजन्य कार्यको आरोपमा अनुसन्धान कसरी गरिन्छ ?**

क) अनुसन्धान अधिकारीले वा प्रहरी कर्मचारीले प्रहरीको पोसाक नलगाई सादा पोसाक लगाउनु पर्ने,

(ख) बालबालिकालाई नियन्त्रणमा लिनु पर्दा सोको कारण खुलाई आफ्नो परिचय दिई परिचय खुल्ने कागजात देखाउनु पर्छ,

(ग) नियन्त्रणमा लिएको बालबालिकालाई निजको संवैधानिक तथा कानुनी हकका बारेमा निजले बुझ्ने भाषामा जानकारी गराउनु पर्छ ।

(घ) बालबालिकाको बाबु आमा भए दुवैलाई वा कम्तीमा एकजनालाई र बाबु-आमा नभए निजको परिवारको सदस्य वा संरक्षकलाई बालबालिका उपर लागेको कसूरजन्य कार्यको आरोपको सम्बन्धमा सूचना दिनुपर्छ ।

(ङ) नजिकैको सरकारी अस्पताल वा चिकित्सकबाट तुरुन्तै बालबालिकाको शारीरिक तथा मानसिक स्वास्थ्य जाँच गर्न लगाउनु पर्छ ।

(च) आवश्यकता अनुसार बाल मनोविज्ञको परामर्श वा मनोसामाजिक सहयोग उपलब्ध गराउनु पर्छ ।

(छ) समाजसेवीबाट बालबालिकाको सामाजिक अध्ययन प्रतिवेदन तयार गर्न लगाउनु पर्छ ।

(ज) कुनै लिखत तयार गर्दा बालबालिकाको बाबु-आमा भएसम्म दुवैजना वा कम्तीमा एकजना र बाबु-आमा नभए निजको परिवारको सदस्य वा संरक्षक, बाल कल्याण अधिकारी वा कानून व्यवसायीलाई रोहबरमा राख्नुपर्छ ।

(झ) बालबालिकालाई नियन्त्रणमा लिइएको जानकारी तुरुन्त सम्बन्धित जिल्ला बाल न्याय समिति वा समितिलाई गराउनु पर्छ ।

(ञ) बालबालिका वा निजको अभिभावकले छुट्टै कानून व्यवसायीको सेवा लिएकोमा बाहेक बालबालिकालाई निःशुल्क कानुनी सहायता प्रदान गर्ने सम्बन्धमा वैतनिक वकिल वा जिल्ला कानुनी सहायता समिति वा सम्बन्धित बार एकाई वा अन्य इच्छुक कानून व्यवसायीलाई जानकारी गराउनु पर्छ ।

**२.४.७.५ बालबालिका उपर लागेको कसूरजन्य कार्यको आरोपमा बालबालिकालाई सोधपुछ गर्दा कसरी गरिन्छ ?**

कसूरजन्य कार्यको आरोपमा नियन्त्रणमा लिइएको बालबालिकालाई अनुसन्धान अधिकारीले सोधपुछ गर्दा निजले बुझ्ने भाषामा रदिनको समयमा एक घण्टाभन्दा लामो समयसम्म सोधपुछ नगर्ने गरी गर्नुपर्छ । साथै बालबालिका बयान दिन सक्ने अवस्थामा रहे वा नरहेको यकिन गर्नुपर्छ

र बाबु-आमा, परिवारको अन्य सदस्य वा संरक्षक, बाल कल्याण अधिकारी वा कानून व्यवसायीलाई रोहबरमा राखी सार्वजनिक रूपमा सोधपुछ नगर्ने र सोधपुछका लागि छुट्टै कोठा वा स्थानको व्यवस्था गर्ने निजलाई सोधिएको कुराको उत्तर दिन सक्ने बालमैत्री वातावरण बनाई सोधपुछ गर्नुपर्छ । बालबालिकालाई कसूरमा साबित हुन प्रेरित नगर्ने गरी सोधपुछ गर्ने तथा सोधपुछको क्रममा बालमनोविज्ञ वा समाजसेवीको आवश्यकता परेमा सूचीकृत बाल मनोविज्ञ, सामाजसेवीहरुबाट आवश्यक सेवा उपलब्ध गराई पाउन बाल अदालत वा स्थानीय बाल अधिकार समितिलाई अनुरोध गर्नुपर्छ ।

**२.४.७.६.बालबालिका उपर लागेको कसूरजन्य कार्यको अभियोजन कसरी गरिन्छ ?**

कसूरजन्य कार्यको आरोपको अनुसन्धानबाट त्यस्तो आरोप लागेको बालबालिका उपर प्रचलित कानून बमोजिम मुद्दा चलाउनु पर्ने देखिएमा सम्बन्धित अभियोजनकर्ताले प्रचलित कानून बमोजिमको ढाँचामा सम्बन्धित बाल अदालतमा अभियोग पत्र दर्ता गर्नु पर्नेछ । अभियोग पत्र दर्ता गर्दा सामाजिक अध्ययन प्रतिवेदन समेत साथै पेश गर्नु पर्नेछ ।

**२.४.७.७ बालबालिकाको साथमा उमेर पुगेका व्यक्ति समेत प्रतिवादी भएकोमा अभियोजन कसरी गरिन्छ ?**

बालबालिकाको साथमा उमेर पुगेका व्यक्ति समेत प्रतिवादी भएमा अभियोजनकर्ताले बालबालिकाको हकमा बाल अदालतमा अभियोगपत्र दर्ता गरी उमेर पुगेका व्यक्तिको हकमा प्रचलित कानून बमोजिम त्यस्तो मुद्दाको कारबाही,

सुनुवाई र किनारा गर्ने अधिकारक्षेत्र रहेको अदालतमा अभियोगपत्र दर्ता गर्नु पर्नेछ ।

यदी बाल अदालतको गठन नहुँदै कसूरजन्य कार्यको आरोप लागेका बालबालिका सहित उमेर पुगेका व्यक्ति समेत संलग्न भई त्यस्तो व्यक्तिलाई समेत प्रतिवादी बनाई अभियोग पत्र दर्ता हुन आएकोमा कसूरजन्य कार्यको आरोप लागेको बालबालिकाको हकमा बाल इजलासमा र उमेर पुगेका व्यक्तिको हकमा प्रचलित कानून बमोजिम उक्त मुद्दाको कारबाही, सुनुवाइ र किनारा गर्ने अधिकारक्षेत्र रहेको अदालतमा दर्ता गर्नु पर्नेछ ।

## ३. बालअधिकार उल्लंघन

### ३.१ नेपालमा बालअधिकारको उल्लंघन कुन-कुन क्षेत्रमा कसरी हुने गरेका छन् ?

**क) घर परिवारः**

- छोरा र छोरीको विचमा भेदभाव गरेर
- सम्बन्ध विच्छेद गरेपछि अथवा बाबु-आमा अलग बसेपछि बाबु-आमा संग बस्ने र भेटघाट गर्ने अधिकार नदिएर
- पोषण युक्त खाना खान नदिएर तथा स्वास्थ्यको उचित ख्याल नराखेर
- घरमा रिस उठेमा अथवा बालबालिकाले नपढेमा,भनेको नमानेमा शारीरिक दण्ड तथा मानसिक यातना दिएर
- वाल विवाह गरिदिएर
- सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा बालबालिका चढाएर : देउकी, झुमा

- हिंशा र उपेक्षा गरेर, बालबालिकालाई वास्ता नगरेर,
- अपाङ्गता भएको वालवालिकाको विषेश हेरचाह नगरी विभेद गरेर
- घरमा बालबालिकालाई आफ्नो विचार अभिव्यक्ति गर्न नदिएर र घरमा थाहा पाउनु पर्ने जानकारी सूचना नदिने गरेर
- विद्यालय नपठाई बालबालिकालाई स-साना भाइबहिनी हेर्न लगाएर शिक्षाको अधिकारबाट वञ्चित गरेर
- बालबालिका माथि यौन दूर्ब्यवहार गरेर

**ख) समाज :**

- जातीगत, धार्मिक, क्षेत्रीय, वर्गिय अधारमा बालबालिका विच भेदभाव गरेर :
- बाल विवाहलाई रोक्ने प्रयास नगरेर
- सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा बालबालिका चढाएर
- बालबालिकालाई विभिन्न कामको लागी गैरकानुनी ओसारपसार गरेर
- बालबालिकालाई पैसा असुल्ने नाममा अपहरण गरेर वा बन्धक वनाएर
- जातिगत तवरमा हिंसा र उपेक्षा गरेर
- बालबालिकाका कुरा नसुन्ने, बालबालिकालाई आफ्नो विचार अभिव्यक्ति गर्न नदिने र बालबालिका नै सम्बन्धित रहेकै क्षेत्रमा समाजमा भै रहेको कुराको सुचना नदिएर
- अपाङ्गता भएको बालबालिकाको विषेश हेरविचार र उनीहरु मैत्री वातावरण सृजना नगरेर

- जातीगत, वर्गीय, हिसाबबाट शिक्षा लिने अवसरबाट वन्चित गरेर

ग) **विद्यालयः**

- जातिगत, धार्मिक, वर्गिय र पढाइको आधारमा विद्यार्थी विद्यार्थीबिच भेदभाव गरेर
- खेलकुद मनोरञ्जन तथा सांस्कृतिक क्षेत्रमा भाग लिन उनीहरुको जातिगत, धार्मिक, वर्गिय र पढाइको आधारमा वर्गिकरण गरी वन्चित गरेर
- पढाईमा कमजोर, कमजोर आर्थिक स्थितीका बालबालिका र बाल बिज्याई गर्ने बालबालिकालाई शारीरिक दण्ड र मानसिक यातना दिएर र उनीहरुमाथि हिंसा गरेर
- विद्यालयमा शिक्षक तथा कर्मचारी र सहपाठीहरुवाट हुने यौन शोषणको वेवास्ता गरेर
- बालिका मैत्री शौचालय नहुनु र निम्न वर्गका बालबालिकाहरुलाई उपेक्षा गरेर
- आफुभन्दा ठूला बालबालिकाले हैरानी (Bullying) गरेर
- अपाङ्गता भएको बालबालिकालाई अपाङ्ग मैत्री विद्यालय भवन, शौचालयको विषेश व्यवस्था र उनीहरुलाई अरु सरह ब्यवहार नगरेर

घ) **उद्योग कल-कारखाना**

- जातीगत, धार्मिक, वर्गिय आधारमा श्रमिकविच भेदभाव गरेर
- अपाङ्ग मैत्री वातावरण नवनाएर र उनीहरुलाई काम

गर्न प्रोत्साहन नदिने र सकेसम्म काममा नराख्ने गरेर,

- कम ज्यालामा काम लगाई श्रम शोषण गरेर,
- बालबालिका माथी यौन दुर्व्यवहार गरेर र यौन शोषण गरेर,
- बालबालिकालाई गैरकानुनी तवरबाट विभिन्न कार्यको लागी ओसारपसार गरेर,
- पैसा कमाउने, काममा ज्यादा समय लगाउने कार्यको लागी बालबालिकालाई अपहरण गर्नु वा बन्धक राख्नु
- विरामी, शारीरिक रुपमा कमजोर बालबालिका जो राम्रो संग काम गर्न सक्दैनन उनीहरु माथी हिंसा गरेर र उपेक्षा गरेर
- काममा ज्यादा समय लगाएर पढ्ने अवसरबाट वन्चित गरेर

**ङ) राष्ट्र**

- राज्यद्वारा निर्मित कानूनमा विभेदपूर्ण व्यवस्था भएर
- भोकमरी भएको ठाउँमा पोषणयुक्त खानेकुरा प्रभावकारी रुपमा वितरण गर्न नसकेर
- स्वास्थ सेवामा गरिव जनता र नाबालक बालबालिकाको पहुँच पुऱ्याउन नसकेर
- आमाको नामबाट राष्ट्रियता र पहिचानको अधिकार नदिलाएर
- अपाङ्गता भएको बालबालिकाको लागि अपाङ्गमैत्री सडक, विद्यालय र सरकारी भवनहरुको निर्माण नगरेर उनीहरुको पहुँच त्यहाँसम्म हुन नसकेर

- बालबालिकाका कार्यक्रहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्न नसकेर उनीहरुको सवालमा उनीहरुको सहभागीतालाई ध्यान नदिएर
- बालबालिकासंग सम्बन्धित नीति कार्यक्रम ल्याउँदा उनीहरुलाई सूचित नगर्ने र जानकारी नदिने र सर सल्लाह नगर्ने पद्धतीले उनीहरुको अभिव्यक्तिको स्वतन्त्रता र सूचनाको अधिकारबाट वन्चित गरेर
- गरिब र दूर-दराजका बालबालिकाहरु विद्यालय टाढा भएको कारण विद्यालय जान नसक्ने र गएमा पनि विद्यालय छाड्नेको संख्या बृद्धि भएर, नजिकै पायक पर्ने ठाउँमा विद्यालय नखोलेको कारण शिक्षाको अधिकारवाट वन्चित हुनु परेर

## ३.२ बालबालिकाहरुको अधिकार हनन भएमा कानुनी उपचारका लागि जाने निकायहरु र प्रकृया

क) स्थानीय निकाय (वडा कार्यालय)

ख) न्यायिक समिती

ग) नजिकैको प्रहरी कार्यालय

घ) महिला आयोग (घरेलु हिंसा)

ङ) जिल्ला अदालत

- यदी घरेलु हिंसा भएमा संरक्षकलाई लिएर नजिकैको स्थानीय निकाय (वडा कार्यालय), नजिकैको प्रहरी कार्यालय, महिला आयोग अथवा जिल्ला अदालतमा निबेदन लिएर वा मौखिक उजुरी गरेर जान सकिन्छ । निबेदन परे पछि अदलत वाहेक अन्य निकायहरुले २४ घण्टाभित्र पीडकलाई झिकाउनु पर्छ र दुई पक्ष

बीच छलफल गराई मिल्न सक्ने अवस्था भएमा मेलमिलापमा पठाउनु पर्छ । अदालतले आवश्यक परेमा अन्तरीम संरक्षणात्मक आदेश जारी गरी संरक्षण दिन सक्छ ।

- खान लगाउन नदिएमा र घरबाट समेत निकाला गरेमा संरक्षकलाई लिएर न्यायिक समितिमा निबेदनका साथ जानुपर्छ । न्यायिक समितिले अर्को पक्षलाई झिकाएर मेलपिलाप गराउने प्रयास गर्छ ।
- बालबालिका सम्बन्धी ऐनले प्रदान गरेका अधिकार प्रचलन गराउन नजिकैको जिल्ला अदालतमा संरक्षकलाई लिएर फिरादका साथ जानुपर्छ ।

## ३.३. विद्यालयमा हुने बालअधिकार उल्लंघन

### ३.३.१ विद्यालयमाको कस्ता बाल अधिकार उल्लंघन हुने गर्दछन्

- जातिगत, धार्मिक, वर्गिय र पढाइको आधारमा विद्यार्थी विद्यार्थीबीच भेदभाव गरेर
- खेलकुद मनोरञ्जन तथा सांस्कृतिक क्षेत्रमा भाग लिन उनीहरुको जातिगत, धार्मिक, वर्गिय र पढाईको आधारमा वर्गिकरण गरी वन्चित गरेर
- पढाईमा कमजोर, कमजोर आर्थिक स्थितीका बालबालिका र बाल विज्याई गर्ने बालबालिकालाई शारीरिक दण्ड र मानसिक यातना दिएर र उनीहरुमाथि हिंसा गरेर
- विद्यालयमा शिक्षक तथा कर्मचारी र सहपाठीहरुबाट हुने यौन शोषणको वेवास्ता गरेर

- बालिका मैत्री शौचालय नहुनु, र निम्न वर्गका बालबालिकाहरुलाई उपेक्षा गरेर
- आफु भन्दा ठूला बालबालिकाले हैरानी (Bullying) गरेर
- अपाङ्गता भएको वालवालिकालाई अपाङ्ग मैत्री विद्यालय भवन, शौचालयको विषेश ब्यवस्था र उनीहरुलाई अरु सरह ब्यवहार नगरेर

**३.३.२ विद्यालयमा वालिकाहरु विरुद्ध कस्ता हिंसा हुने गर्दछन् ?**

- शारीरिक हिंशा
- मानसिक हिंशा
- यौन जन्य हिंशा
- हैरानी (Bullying)
- उपेक्षात्मक ब्यवहार
- भेदभाव

**३.४. बालवालिका माथि हुने दुर्ब्यवहार के-के हुन सक्छन् ?**

बालबालिका माथि हुने दुर्व्यवहारलाई यसको प्रकृतिको आधारमा मुख्यतया ६ प्रकारले छुट्याएर हेर्न सकिन्छ। तर ती एक आपसमा सम्वन्धित पनि हुन सक्दछन् र एउटै घटनाबाट बालबालिका माथि विभिन्न प्रकारका दुर्ब्यवहार भइरहेको पनि हुन सक्दछ।

**क) भावनात्मक दुर्ब्यवहार:**

भावनामा चोट पुग्ने गरी गरिने कुनै पनि क्रियाकलाप

**ख) मौखिक दुर्ब्यवहार:**

सराप्नु, अपशब्द वोल्नु, नराम्रो नाम काढेर बोलाउनु,

जिस्काउनु आदी

**ग) बेवास्ता र उपेक्षात्मक दुर्ब्यवहारः**

हेरविचारमा ध्यान नदिनु, विरामी मात्र हुनेलाई नहेर्नु, बालबालिकाका कुरा नसुन्नु आदी

**घ) शारीरीक दुर्ब्यवहारः**

कुटपिट गर्नु (घर र विद्यालय), फुर्सद र आरामको समय नदिई काममा लगाउनु, मनोरन्जनको साधनको रुपमा प्रयोग गर्नु (सर्कस) आदी

**ङ) यौनजन्य दुर्ब्यवहारः**

सामान्यतया यौनजन्य दुर्ब्यवहार भन्नाले कुनैपनि ब्यक्ती बिरुद्ध यौनिक ईच्छा पूर्ण गर्ने मनसायले गरिने आचरण वा ब्यवहार हो ।

**च) इलेक्ट्रोनीक माध्यमवाट गरिने दुर्ब्यवहारः**

फेसवुक, ट्विटर लगायत सामाजिक सञ्जालबाट गरिने दुर्ब्यवहार

**३.४.१. बाल यौन दुर्व्यवहार गर्ने ब्यक्ति को हुन सक्दछन्?**

बाल यौन दुर्व्यवहार गर्ने खराव ब्यक्ति, अपराधीले मात्र गर्छन् भन्ने सोच समाजमा व्याप्त भए पनि सो नभै आफूसंग राम्रो चिनजान भएका र चिनजान नभएका जो सुकै व्यक्तिले पनि गर्न सक्दछन् । जस्तै :

- छरछिमेकी
- साथीसंगी
- परिवारकै कुनै सदस्य
- शिक्षक, प्रहरी, सामाजिक कार्यकर्ता इत्यादि
- परिवारसंग राम्रो सम्बन्ध भएको ब्यक्ति

- संरक्षक, अभिभावक
- नचिनेका ब्यक्ति
- मन्दिरका पुजारी आदी

### ३.४.२ बाल यौन दुर्व्यवहारका कारण बालबालिकामा कस्तो असर पर्दछ?

बाल यौन **दुर्व्यवहारका** बलबालिकामा शारीरिक असरका साथै मानसिक असर समेत परेको हुन्छ। जस्तैः

- आफुलाई दोषी मान्ने
- पछुतो हुने
- लज्जित हुने
- डर र भय मान्ने
- दोधारमा पर्ने
- एक्लै बस्ने
- खाना नखाने, वढी खाने वा खाना खाने ब्यवहारमा परिवर्तन आउने
- छटपटी हुने
- मनसिक तथा भावनात्मक विचलन बढ्ने
- सिर्जनशीलता कमी आउने
- विद्यालयमा पढाईमा कमजोर हुने
- विद्यालय जान नचाहने
- निद्रा नलाग्ने
- अत्यन्त उदासिन र निरास हुने
- रिसाउने र प्रतिशोधको भावना विकास हुने
- निश्क्रिय हुने
- आत्म विश्वास गुमाउने

- आत्महत्याको प्रबृत्ति देखा पर्ने
- आत्म रक्षाको निम्ति हिंशाको वाटो अगाल्ने

**३.४.३ बाल यौन दुर्व्यवहारबाट बच्न के गर्ने ?**

- आफ्नो शरीर अनावश्यक रुपमा कसैलाई छुन नदिने किनभने आफ्नो शरीरमा आफ्नो मात्र अधिकार हुन्छ,
- यदी कसैले अनिच्छित ब्यवहार देखाएमा, शरीर छुन खोजेमा हुँदैन र नाई भन्ने,
- नचिनेका मान्छेहरुले दिएका खानेकुरा नखाने,
- चिने, नचिनेका मानिसहरुले कतै जाउ भनी लोभ लालच देखाएमा नजाने र घरका अभिभावकलाई तुरुन्तै खवर गर्ने,
- सुन सान एकान्त ठाउमा एक्लै नजाने,
- कहिं कतै जानु छ भने कुन ठाउँमा जान लागेको, के कामले जान लागेको, जाने ठाउँको सम्पर्क नम्वर छ भने सो समेत अभिभावकलाई भनेर जाने,
- आफुलाई मात्र कुनै व्यक्तिले विषेश ब्यवहार गर्छ भने सो कुरा अभिभावकलाई बताउने ।
- नजिकैको नातेदारको व्यवहारमा शंका लागेमा पनि अभिभावकलाई बताउने,
- प्रत्येक बालबालिकाले घरको, विद्यालयको, नजिकैको प्रहरी चौकीको वा आफन्तको टेलिफोन नं. नोटबुकमा लेख्ने र घटना घटेमा तुरुन्त खबर गर्ने,
- घटना घटेमा लुकाएर नराख्ने,
- समाजीक संजालमा आफु घरमा एक्लै भएको, कहिँ कतै एक्लै जान लागेका कुराहरु पोष्ट नगर्ने,

### ३.४.४ यौन दूर्व्यबहार गर्नेले के के चलाखीगर्न सक्छन्?

- तपाइको सोझो पना र अवोध पनाको फाइदा उठाउन सक्छन् ।
- तपाईमाथि भएको दुर्व्यवहार सामान्य तपाईंकै गल्तीले भएको हो भन्ने भान पार्न सक्छन् ।
- तपाइसंग सहयोग मागेको भ्रम पार्न सक्छन् ।
- तपाईंलाई सहयोग गरेको, माया गरेको भ्रम पार्न सक्छन् ।

### ३.४.५ त्यसैले यस्ता कुराबाट सधैं होशियार रहनु पर्छ र यो कुरा पनि सधैं याद गरौं ।

- तपाईंलाई दुर्व्यवहार गर्ने अधिकार जन्म दिने अभिभावकलाई पनि छैन र अन्य ब्यक्ति कसैलाई पनि छैन ।
- तपाईंले दुर्व्यवहार कहिल्यै सहनु पनि हुँदैन ।
- तपाईंलाई दुर्व्यवहार भइहालेमा पनि तपाईं दोषी होइन । तपाईं पीडित हो, तपाईंलाई यसवाट पीडा पुगेको छ । यस्तो पीडा, डर सहेर, लुकाएर बस्नु पर्दैन । तपाईंलाई सहयोग गर्ने व्यक्तिहरु छन् । (विद्यालय, अभिभावक र कानून ब्यवसायी आदी)

### ३.४.६ यौनजन्य दुर्ब्यवहार भएमा कहिलेसम्म उजुर गर्नुपर्छ ?

सो कुरा प्रकाश भएको मितिले एक बर्षभित्र नालेश दिनु पर्छ ।

### ३.४.७ यौनजन्य दुर्ब्यवहार गर्नेलाई सजाय कति हुन्छ ?

यस्तो कसूर गर्ने व्यक्तिलाई तीन बर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुन्छ । यस्तो कार्यवाट पीडित ब्यक्तिलाई

कसुरदारबाट मनासिव माफिकको क्षतिपूर्ति समेत भराई दिनु पर्नेछ ।

**३.५ बालबालिकाहरुको अधिकार हनन हुँदा वा उनीहरु हिंसामा पर्दा कानुनी उपचारका लागि परिवार/अभिभावक, नागरिक समाज र मानवअधिकार सम्बन्धी संस्थाको भूमिका के हुन्छ ?**

**परिवार/अभिभावक**

- आफ्नो बालबालिकाको अधिकार हनन भएमा त्यसको प्रचलनको लागी सम्बन्धित निकायमा जानुपर्छ ।
- यदी हिंसा वा दुर्ब्यवहारमा बालबालिका परेमा उनीहरुलाई गाली गर्नु हुँदैन त्यो उनीहरुको कारण भएको नभै अपराधिक मानसिकता भएका ब्यक्तिको कारण भएको हो भनी माया गरेर सम्झाउनु पर्छ । आवश्यक परेमा मनोसामाजिक विमर्शकर्ता कहाँ पनि लैजानु पर्छ ।
- हिंसा वा दुर्ब्यवहारमा बालबालिका परेमा नजिकैको प्रहरीमा उजुर गर्नुपर्छ ।
- उनीहरुको विषयवस्तुलाई संवेदनशील तरिकाले हेर्नु पर्छ । उनीहरुको मनोभावनालाई बुझ्ने प्रयास गर्नुपर्छ । शुन्य शहनसिलताको साथ बालबालिकाका मुद्दा हेरिनु पर्छ ।

**नागरिक समाज**

- यदी कुनै बालवालिकाको अधिकार हनन भएमा त्यसको प्रचलनको लागि सम्बन्धित निकायमा लैजान बालकको परिवारलाई सहयोग गर्ने आवश्यक ब्यवस्था मिलाई

दिने गर्नुपर्छ ।

- यदी हिंसा वा दुर्व्यवहारमा वालवालिका परेमा उनीहरुलाई त्यो उनीहरुको कारण भएको नभै अपराधिक मानसिकता भएका ब्यक्तिको कारण भएको हो यस्तो कार्य अपराध हो सहेर बस्नु हुँदैन भनी अभिभावक तथा बालबालिकालाई संझाउनु पर्छ ।
- हिंसा तथा दुर्व्यवहार जस्ता कार्य नगर्न हुन नदिन र यस्तो कार्य अपराध हो भनी समाजका अन्य ब्यक्तिलाई जानकार गराई बालबालिकालाई पनि जागरुक बनाउनु पर्छ ।
- हिंसा वा दुर्व्यवहारमा बालबालिका परेमा उनीहरुलाई र अभिभावक वा परिवारका सदस्यहरुलाई लिएर नजीकैको प्रहरीमा उजुर गर्नुपर्छ ।
- उनीहरुको विषयवस्तुलाई संवेदनशील तरिकाले समाजमा हेर्नुपर्छ र त्यही समाजीक वातावरणमा उनीहरु वस्न सक्ने अवस्था बनाउनु पर्छ । उनीहरुको मनोभावनालाई बुझ्ने प्रयास गर्नुपर्छ । शून्य शहनसिलताको साथ बालबालिकाका मुद्दा हेरिनु पर्छ ।

**मानवअधिकार सम्बन्धी संस्था**

- बालबालिकाको अधिकारका विषयवस्तु संवेदनशील हुन्छन् उनीहरुको मनोभावना बुझ्नु पर्छ र पीडकको कारणले पीडितलाई समाजमा बस्न नसक्ने वातावरण तयार गर्न हुँदैन । त्यही समाजिक वातावरणमा उनीहरु बस्न सक्ने अवस्था बनाउनु पर्छ । उनीहरुको

मनोभावनालाई बुझ्ने प्रयास गर्नुपर्छ । शुन्य शहनसिलताको साथ बालबालिकाका मुद्दा हेरिनुपर्छ भन्ने तरिकाले समाजमा जागरण फैलाउनुपर्छ ।

- बालबालिकासंग सम्बन्धित मुद्दाहरुलाई, उनीहरुको आवाजहरुलाई सरकार समक्ष पुऱ्याउने कार्य गर्नु पर्छ ।
- बालबालिकासंग सम्बन्धित विभेदकारी कार्य र ऐनहरु परिमार्जित गर्न जनचेतना जगाउने र सरकार समक्ष पहल गर्नुपर्छ ।

## ४. बालविबाह

### ४.१ विवाह गर्दा केटा र केटीको उमेर कति हुनुपर्छ ?

घर परिवार संरक्षकको मञ्जुरी भएमा आथवा नभई आपसी सहमतिमा गरिने विवाहमा दुवैको उमेर २० वर्ष पूरा भएको हुनुपर्दछ ।

### ४.२. बालविबाह भनेको के हो ?

कानूनले विवाह गर्न मिल्ने भनेर तोकेको उमेरभन्दा कम उमेरमा गरिने विवाह बाल विवाह हो । कानूनले तोकेको उमेर अर्थात् २० वर्ष पूरा गरेपछि मात्र विवाह गर्नु पर्दछ । २० बर्ष भन्दा कम उमेरका केटा र केटीलाई विवाह गरिदिएमा त्यसलाई बालविवाह मानिन्छ । यसलाई कानूनले अपराध मानेको छ । कानूनले केटा र केटीको संरक्षकको मन्जुरी भए पनि नभए पनि २० बर्ष पूरा हुनुपर्छ । कानूनले तोकेको उमेर नपुगेसम्म विवाह गर्न गराउन हुँदैन ।

### ४.३. बालविबाह गर्दा के-के असर पर्न सक्छ ?

- शिक्षाको अधिकारवाट वन्चित हुने ।

- आर्थिक रुपमा विपन्न हुने ।
- सानो उमेरमा गर्भवती हुदा पाठेघरको समस्या देखिने ।
- सानो उमेरमा परिवारको वोझ थपिनाले मानसिक तनाव हुने ।

**४.४ बाल विवाहको उजुरी कहाँ गर्ने?**

बाल विवाहको उजुरी नजिकैको प्रहरी कार्यालयमा दिनुपर्छ ।

**४.५ बालविवाहमा कति सजायँ हुन्छ?**

बालविवाह गर्ने गराउने कसुर गर्ने व्यक्तिलाई तीन बर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुन्छ ।

**४.६ बालविवाहको उजुरी कति समय भित्र गर्नुपर्छ र कसले उजुरी दिनु पर्छ ?**

बालविवाहमा थाहा पाएको मितिले तीन महिनाभित्र उजुरी गर्नुपर्दछ र थाहा पाउने जो सुकैले पनि उजुरी गर्न सक्छन् ।

**४.७ यो पनि थाहा पाईराखौ**

विवाहको परिणाम स्वरूप कुनै महिला गर्भवती भएमा वा निजबाट शिशु जन्मिएमा निजको मञ्जुरी भएमा मात्र विवाह बदर हुन सक्नेछ। २० बर्ष नपुगी केटा र केटीले विवाह गरेको रहेछ र सन्तान जन्मेको रहेछ भने त्यस्तो सन्तानले बाबु आमाबाट अंश पाउनेछन् ।

**५. लैंगिक विभेद भनेको केहो ?**

महिला र पुरूषबीचको शारीरिक भिन्नता प्रकृतिमा आधारित जन्मजात भिन्नता हो र यसलाई जैविक लिंगभेद भनिन्छ। जैविक लिंगभेद संसारभरी एकैनासको हुन्छ र यो अपरिवर्तनीय हुन्छ। तर सामाजिक एवं धार्मिक परम्पराअनुसार भिन्न भिन्नै लिंगका व्यक्तिहरूले बेग्लाबेग्लै प्रकारको भूमिका निर्वाह

गरेको पाइन्छ। यसलाई सामाजिक लिंगभेद भनिन्छ र यो परिवर्तनीय हुन्छ। यही सामाजिक लिंग भेदकै आधारमा गरिने भेदभाव नै लैंगिक विभेद हो।

**५.१ लैगिंक हिंसा भनेको के हो ?**

सार्वजनिक वा निजी जीवनमा लिङ्गको आधारमा हुने हिंसाजन्य कार्य नै लैगिंक हिंशा हो। खास गरी महिला भएकै कारणले उनीहरुमाथी हिंशा वढी हुने गर्दछ। महिलामाथी हुने हिंशाले उनीहरुको शारीरिक, यौनजन्य वा मानसिक क्षति वा पीडा पुऱ्याउँदछ वा पुऱ्याउने संभावना हुन्छ, ।

**६. बालअधिकार संरक्षण, संवर्द्धन तथा परिपालनाको लागि विभिन्न संघ, संस्था, ब्यक्ति तथा समुदायको भुमिका**

**६.१. बिद्यालयस्तरमा**

- **बिद्यालय**
  - ➢ बालबालिकाहरुको विचारलाई सुन्ने र राख्ने वातावरण बनाउने,
  - ➢ अपाङ्गता भएका बालबालिकाहरू, विभिन्न जात जातीका र विभिन्न सम्प्रदायका वालवालिकाबीच भेदभाव हुन नदिने वातावरण तयार गर्ने,
  - ➢ एच्आइभी सङ्क्रमित बालबालिका र बालबालिकाका सामाजिक, आर्थिक तथा शैक्षिक प्रगतिका आधारमा गरिने भेदभाव लाई निरुत्साहित गर्ने र त्यस्तो काम गर्नेलाई तुरुन्त सजाय दिने वातावरण तयार गर्ने,
  - ➢ विद्यार्थीमाथि शिक्षक, साथी, सहपाठीद्वारा हुने हिंसालाई रोकथाम गर्न चेतना जगाउने कक्षाहरु संचालन गर्ने र दुर्ब्यवहार भए नभएको अनुगमन गर्ने टिम बनाउने र

उजुरी गुनासो सुन्ने अधिकारी तयार गर्ने,

- विद्यालयसंग यौनजन्य दुर्ब्यवहार र गैरकानुनी कार्यहरु गर्ने शिक्षक तथा कर्मचारी र विद्यार्थीलाई कारवाही गर्ने नीति तयार गरी लागू गर्ने ।

- **बिद्यार्थी**

- अपाङ्गता भएका साथी-सहपाठीहरू, विभिन्न जात जातिका र विभिन्न सम्प्रदायका साथी-सहपाठीहरू बीच भेदभाव हुन नदिन बाल क्लबहरु बनाई सक्रिय हुने,
- एचआइभी सङ्क्रमित साथी-सहपाठीहरू र सामाजिक स्तर, आर्थिक स्तर तथा शैक्षिक स्तरका आधारमा साथी-सहपाठीहरू बीच गरिने भेदभावलाई निरुत्साहित गर्न त्यसको विरुद्ध आवाज उठाउने,
- विद्यालयमा शिक्षक तथा कर्मचारी र सहपाठीहरुबाट हुने यौन शोषणको विरुद्ध आवाज उठाउने,
- बालिका र अपाङ्गमैत्री विद्यालयको वातावरण बनाउन आवश्यक पहल गर्ने र शौचालय लगायत अत्यावश्क विषयवस्तुहरु बालिका र अपाङ्गमैत्री बनाउन लगाउने

- **अभिभावक**

- बालबालिकाहरुको विचारलाई सुन्ने र उनीहरुको विचार राख्ने वातावरण सृजना गर्न लगाउने,
- बालबालिका बीचमा भेदभाव भएको छ छैन हेर्ने,
- आफ्ना बालबालिकामाथि अरुद्वारा हिंसा भएको छ, छैन विचार गर्ने र आफुले पनि हिंसा नगर्ने,
- शारीरीक दण्ड बालबालिकालाई दिन नदिने,
- शिक्षक तथा कर्मचारीले आफ्ना बालबालिकामाथि कस्तो

ब्यहार गरेका छन विचार गर्ने,

- विद्यालय तथा समाजमा बालबालिका माथि हिंसा भएमा वा उनीहरुलाई कहिं कतै भेदभाव भएमा तुरुन्त यसको जानकारी गराउने र आवश्यक परे उजुरी गरी कारवाही समेत गर्न लगाउने,
- अभिभावकहरुको समिती बनाई अनुगमन गर्ने ।

**विद्यालयब्यवस्थापन समिति**

- विद्यालयमा विद्यार्थी विच भेदभाव भएको छ छैन हेर्ने र भेदभाव गर्न नदिने,
- विद्यालयको वातावरण बाल मैत्री वनाउने,
- विद्यार्थी माथी हिंशा र दुर्ब्यवहार भएको छ, छैन हेर्ने भएमा तुरुन्त कारवाही गर्न सक्ने भए तुरुन्त कारवाही गर्ने र गर्न नसक्ने भए सम्बन्धित निकायमा कारवाही गर्न सिफारीस गर्ने,
- विद्यार्थीको घर परिवार तथा समाजबाट समेत भएको हिंसालाई हेर्ने वातावरण तयार गर्नुपर्छ ।

## ६.२ परिवार तथा समुदाय स्तरमा

**परिवार**

- बाल अवस्थालाई विशेष स्याहार र सहयोग आवश्यक पर्ने हुनाले बालबालिकाको विकास र कल्याणको लागि विना भेदभाव लालन-पालन गर्नुपर्ने,
- बालबालिकाहरुको विचारलाई सुन्ने र उनीहरुको विचार राख्ने वातावरण सृजना गर्ने,
- छोरा र छोरीमा भेदभाव नगर्ने,

- भनेको नमानेमा वा नपढेमा शारीरिक दण्ड बालबालिकालाई नदिने,
- बालबालिकामाथि घरपरिवार, विद्यालय तथा समाजबाट हिंसा भएको छ छैन विचार गर्ने,
- बालविवाह नगरी दिने,
- विद्यालय जाने वातावरण सृजना गरीदिने,
- घरमा कलहको वातावरण सृजना नगर्ने,

**छिमेकी**

- बालविवाह रोकथाम गर्न प्रयास गर्ने,
- यौन जन्य दुर्व्यवहार हुन नदिने र भएमा सम्बन्धित निकायमा खबर गरिदिने,
- घरेलु हिंसा भएमा रोकथाम गर्न मद्दत गर्ने नसकेमा सम्बन्धित निकायमा खबर गरिदिने,

**सामुदायिक संस्था**

- बालविवाह रोकथाम गर्न प्रयास गर्ने र जागरण अभियान चलाउने,
- बालबालिकासंग सम्बन्धित नीति-नियम बनाउन लगाउने,
- बाल क्लबहरु गठन गर्न लगाई बालबालिकासंग सम्बन्धित कार्यक्रमहरु चलाउन लगाउने,
- बाल विकासका लागि कार्यक्रमहरु संचालन गर्ने,
- स्थानिय निकायलाई बालबालिका सम्बन्धी कार्यक्रम ल्याउन लगाउने

**समुदायमा अगुवा ब्यक्ति**

- बालविवाह रोकथामको लागि पहल गर्ने

- यौनजन्य दुर्व्यवहार भएमा सम्वन्धित निकायमा लगिदिने,
- समुदायमा चेतना फैलाउन सहयोग गर्ने,
- शिक्षाको महत्व दर्शाई विद्यालयमा बालबालिका पठाउन सहयोग गर्ने,

## ६.३. राज्य

- बालअधिकारको संरक्षण तथा सम्वर्द्धनका लागि राज्यले शारीरिक तथा मानसिक दण्ड, सजाय पूर्ण रुपमा रोकथाम तथा नियन्त्रण गर्नुपर्छ।
- बालविवाहलाई पूर्ण रुपमा रोकथाम गर्नुपर्छ।
- बालमैत्री स्थानीय निकाय बनाई विद्यालयलाई शान्ति क्षेत्र बनाउनु पर्छ।
- बालबालिका बेचबिखन तथा ओसार-पसारमा नियन्त्रण गर्नुपर्छ।
- बालश्रम निवारण तथा न्यूनीकरण गर्नुपर्छ।
- सडक बालबालिका मुक्त सडक अभियान तीव्र बनाई ती बालबालिकालाई पुर्नस्थापना गर्नुपर्छ।
- जोखिमपूर्ण अवस्थामा रहेका बालबालिका उद्दार तथा संरक्षण अभियानलाई प्रभावकारी बनाउनु पर्छ।
- बालिका तथा किशोरीमाथि हुने हिंसा एवं परम्परागत अव्यवहारिक प्रचलनलाई पूर्ण रूपमा नियन्त्रण गर्नुपर्छ।
- बालबालिकालाई प्रभाव पार्ने कानुनी सहायताका सबै निर्णयहरूमा उनीहरूका सर्वोत्तम हित नै प्राथमिक सरोकारको विषय वनाइनु पर्छ।
- बालबालिकाको सर्वोत्तम हितमा कानुनी सहायतालाई प्राथमिकताका साथ दिनु पर्दछ, जुन आफैंमा पहुँचयोग्य,

उमेर सुहाउँदो, बहुविधा, प्रभावकारी र बालबालिकाका विशेष कानुनी तथा सामाजिक आवश्यकताहरूप्रति संवेदनशील हुन सकोस् ।

- जोखिम र कठिन अवस्था रहेका बालबालिकालाई विषेश संरक्षण र सहयोग प्रदान गर्ने कार्यलाइ प्राथमिकता दिनु पर्छ ।
- लैङ्गिक हिंसा, बालश्रम, बेचविखन, शोषण, अपमान, दुर्व्यवहार, अनुचित प्रयोग जस्ता घटनाहरूलाई निरुत्साहित बनाउने कार्य योजना ल्याउनु पर्छ ।
- लैङ्गिक हिंसा, बालश्रम, बेचविखन, शोषण, अपमान, दुर्व्यवहारमा परेका बालवबालिका राख्न छुट्टै आवास गृह बनाउनु पर्छ ।

Empowered lives.
Resilient nations.

संस्थागत सुधार मार्फत्
न्यायमा पहुँच अभिवृद्धि परियोजना

Legal Aid & Consultancy Centre